"राजविराज शहर, समृद्ध-हरित नगर"

# राजविराज नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## राजविराज, सप्तरी

### मधेश प्रदेश, नेपाल

## दरभाउ पत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०२/०८ गते

**श्री सूचीकृत आपूर्तिकर्ता व्यवसायीहरू सबै ।**

प्रस्तुत विषयमा तपसिलमा उल्लेख भए बमोजिमको मालसामान खरिद कार्यहरू सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) बमोजिम गर्नुपर्ने भएकोले यस कार्यालयमा सुचिकृत आपूर्तिकर्ता व्यवसायीहरुको लागि यो सूचना प्रकाशन गरिएको छ । तपसिल बमोजिमको शर्तको अधिनमा रही दरभाउ पत्र पेश गर्नुहुन अनुरोध छ ।

**तपसिल**

१. यस कार्यालयको राजश्व शाखाबाट रु. ५००/- (फिर्ता नहुने गरि) तिरेको रसिद सहित मिति २०८३/०२/१२ गते कार्यालय समयभित्र दरभाउ पत्र खरिद गरी मिति २०८३/०२/१३ गते १२ बजेसम्म दाखिला गर्नु पर्नेछ । सोहि दिनको १ बजे दरभाउ पत्र खोलिनेछ ।
२. दरभाउ पत्र पेश गर्दा सोको साथमा प्यान/भ्याट दर्ता, व्यवसाय दर्ता, आ.व. २०८१/८२ को करचुक्ता प्रमाण पत्र, आ.व. २०८२/८३ मा यस कार्यालयको मौजुदा सूचीमा रहेको प्रमाण पत्रको प्रतिलिपि तथा दरभाउ पत्रमा अङ्क र अक्षरमा विवरण भेरे सिलबन्दी खामबन्दी गेरे राजविराज नगरपालिकालाई सम्बोधन गरी नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको जिन्सी शाखामा बुझाउनु पर्नेछ ।
३. दरभाउ पत्र खोल्ने समयमा आपूर्तिकर्ता व्यवसायी अनुपस्थित हुदाँ समेत दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।
४. दरभाउ पत्र स्वीकृत गर्ने/नगर्ने अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।
५. दरभाउ पत्र स्वीकृत भईसके पश्चात दरभाउ पत्रदाताले बढीमा २०८३ जेष्ठ ३० गतेसम्म मालसामान आपूर्ति गरी फरफारक गरि सक्नुपर्नेछ ।
६. यस सूचनामा उल्लेख भएको यसै बमोजिम नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. ऐ. नियमावली, २०६४ बमोजिम हुनेछ ।

| सि.नं. | कार्यको नाम | विवरण | ल.ई. (मू.अ.क. सहित) |
|---|---|---|---|
| १ | १८/२०८२/०८३/RM/OFF3 | कार्यालय तर्फका शाखाहरूमा इलेक्ट्रिक, मसलन्द, तथा इलेक्ट्रोनिक्स सामानहरू | ९,६३,८३१.५४ |
| २ | १९/२०८२/०८३/RM/WD2 | वडा नं. २ - जेष्ठ नागरिक सम्मान कार्यक्रमको लागि सामान खरिद | ३,३१,५८७.२० |
| ३ | २०/२०८२/०८३/RM/WD10 | वडा नं. १० – कार्यालय संचालन सामान | ३,३८,८१९.२० |
| ४ | २१/२०८२/०८३/RM/WD4 | वडा नं. ४ – आधाभुत विद्यालय केन्द्र नं. ६ का लागि डेस्क बेन्च खरिद | २,८७,४७२.०० |
| ५ | २२/२०८२/०८३/RM/WD9 | वडा नं. ९ – सामुदायिक विद्यालयमा पोशाक, जुत्ता, झोला र टाई खरिद कार्य | ९,९९,६९९.०० |

(मनोज कुमार यादव)
शाखा अधिकृत

CamScanner